दैनिक
लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पु-याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्भनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ७३ | बुटवल | २०८१ फागुन २४, गते शनिबार | नेपाल संवत ११४५ | Saturday Mar. 08, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

'राष्ट्रिय आवश्यकता हेरेर संविधान संशोधन'

बुटवल । प्रधानमन्त्री केपी शर्मा ओलीले विद्यमान संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको रक्षा र संविधानको प्रभावकारी कार्यान्वयन गर्दै आवश्यकतानुसार परिमार्जन गर्दै जाने सरकारको सोच रहेको स्पष्ट पारेका छन् ।

कर्णाली प्रदेशसभाको बैठकमा शुक्रबार सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले जनताको बलिदान र संघर्षको आधारमा निर्मित नेपालको संविधानले सबैलाई समान अधिकारका साथै सबैको प्रतिस्पर्धा र क्षमता प्रदर्शनको अवसर प्रदान गरेकाले यसको रक्षा, कार्यान्वयन तथा देश र जनताको हितमा आवश्यक संशोधन सरकारको कर्तव्य भएको बताएका हुन् ।

प्रधानमन्त्री ओलीले वर्तमान सरकार गठनपूर्व नेकपा एमाले र नेपाली कांग्रेसबिच भएको सात बुँदे सहमतिमा संविधान संशोधनको बुँदा समावेश गरिएको स्मरण गराउँदै संविधान संशोधन रहर वा लहडमा नभई राष्ट्रिय आवश्यकतालाई हेरेर गरिने विषय भएको पनि उल्लेख गरे । प्रधानमन्त्री ओलीले व्यवस्था र अवस्थामा परिवर्तनसँगै अब विकासका सन्दर्भमा आधुनिक ढंगले अगाडि बढ्नुपर्ने धारणा पनि प्रदेशसभामा राखेका थिए ।

उनले ठूला दुई दल र अन्य सहयोगी दलको समर्थनमा संसदमा लगभग दुई तिहाइको जनमत रहेकाले आफूहरू समभदारीका साथ काम गर्न तत्पर भएर सहकार्यमा जुटेकाले आगामी निर्वाचनसम्म यो सहयात्रा नटुट्ने उद्घोष गरे ।

प्रधानमन्त्री ओलीले कर्णाली प्रदेश आफ्नो हिसाबले विकासको सुन्दर सम्भावना बोकेको प्रदेश भएकाले यहाँका माथिल्लो कर्णाली, स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णाली करिडोर, राकम कर्णाली, भेरी बबई, दैलेखको पेट्रोल खानी आदि आयोजना निर्माण, विस्तार सञ्चालनका क्रममा रहेको अवगत गराउँदै स्रोत सुनिश्चितताबिना नयाँ आयोजना बनाउने बेथितिमा सुधार ल्याइएको दाबी पनि गरे ।

उनले कुनै आरोप-प्रत्यारोपमा नलागी तीनै तहका सरकारको सहकार्यमा देशको विकास र समृद्धिका लागि जुट्न आह्वान गर्दै नयाँ कार्ययोजनाभन्दा थालिसकेका काम पूरा गर्ने आफ्नो संकल्प रहेको बताए ।

प्रधानमन्त्री ओलीले केन्द्र सरकारले प्रदेश र स्थानीय सरकारलाई पूराका पूरा सहयोग गर्ने सोचका साथ काम गरिरहेको स्पष्ट गर्दै सामाजिक सञ्जालमा असभ्यता प्रदर्शन गरेर नेपालीको सभ्यता र संस्कृतिलाई मास्ने प्रवृत्तिले जनताका बिचमा फाटो ल्याउने भएकाले नियन्त्रित अस्थिरताको प्रयास सफल नहुने स्पष्ट पारे ।

स्वर्गद्वारी गुठी पीडितका माग पूरा गर्न आग्रह

बुटवल । थारु कल्याणकारिणी सभाले स्वर्गद्वारी गुठी पीडितका माग पूरा गर्न सरकारलाई संवेदनशील बन्न आग्रह गरेको छ ।

गुठी जग्गामा भूस्वामित्व र न्यायको खोजी गर्दै स्वर्गद्वारी गुठी पीडित मोही किसान संघर्ष समितिले माघ २० गतेबाट काठमाडौं केन्द्रित गर्दै आएको संघर्षमा थारु कल्याणकारिणी सभाको सक्रिय साथ समर्थनसहित ऐक्यबद्धता रहेको अध्यक्ष प्रेमिलाल चौधरीले विज्ञप्ति जारी गरी जानकारी गराएका छन् ।

गुठी पीडित मोही किसानहरूले भूमी स्वामित्व र न्यायका लागि दाङ जिल्लामा लामो संघर्षपश्चात् आन्दोलनलाई निर्णायक बनाउन संघीय राजधानीमा गर्दै आएको धर्ना र संघर्ष एक महिना पुरा भइसक्दा पनि नेपाल सरकार उनीहरूको मागमुद्दा प्रति रत्तिभर पनि संवेदनशील नहुनु आपत्तिजनक भएको विज्ञप्तिमा उल्लेख छ ।

सरकारले उनीहरूको संघर्षलाई नजर अन्दाज गर्दै मुकदर्शक भैं बसिरहेको भन्दै अध्यक्ष चौधरीले राजनीतिक दलहरु पनि गैरजिम्मेवार बनेको गुनासो गरेका छन् ।

सांस्कृतिक पहिचानसहित शान्तिपूर्ण संघर्ष गर्दै आएका गुठी पीडित किसानहरूको संघर्षलाई कमजोर बनाउँदै दबाउने नियतका साथ गृह प्रशासनले शान्ति सुरक्षाको हवाला दिँदै धरपकड गर्ने, लाठी चार्ज गर्दै निर्मम दमनमा उत्रिएका कारण दर्जनौं आन्दोलनकारी घाइते भएका र आन्दोलनमा दमन भएको प्रति सभाले आपत्ति जनाउँदै दमन रोक्न माग गरेको छ ।

संघर्षमा होमिएका मोही पीडित किसानहरु धर्ना बस्दा बस्दै बिरामी भई थला पर्दै अस्पतालमा भर्ना भएका र उनीहरूको औषधि उपचारको व्यवस्था नहुँदा खानपान, गासबाससहित विभिन्न समस्याहरूबाट ग्रसित भएकाले सरकार, संसद, गृह प्रशासन, भूमी, स्वास्थ्य मन्त्री, मानवअधिकार आयोग, र नागरिक समाजसहित सरोकारवाला निकायको ध्यान जानुपर्ने विज्ञप्तिमा उल्लेख छ । सरकारले अविलम्ब उच्चस्तरीय अधिकार सम्पन्न वार्ताटोली गठन गरी स्वर्गद्वारी गुठी पीडित मोही किसान संघर्ष समितिसँग वार्ता र संवादको माध्यमबाट समस्या समाधान गर्न आग्रह गरिएको छ ।

नेपालको संविधान २०७२, को धारा ५१ डमा कृषि र भूमिसुधारसम्बन्धी नीतिगत व्यवस्थामा भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्ने, किसानलाई प्राथमिकता दिएर भूमिसुधार गर्ने, र धारा २९० मा गुठीसम्बन्धी व्यवस्था अनुरुप गुठी जग्गामा भोगाधिकार भइरहेका किसान एवं गुठीको अधिकारको सम्बन्धमा संघीय संसदले कानुन बनाउने संवैधानिक व्यवस्था बमोजिम नेपाल सरकार, व्यवस्थापिका संसदले भूमि एवं गुठीसम्बन्धी आवश्यक ऐन कानुन तदारूकताका साथ निर्माण गर्न थारु कल्याणकारिणी सभाले माग गरेको छ ।

'ट्रंकलाइनको भुटा बिल उद्योगीलाई तिर्न लगाउनु अत्याचार'

मोहम्मद हबिब
भैरहवा

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले 'ट्रंक लाइन' र 'डेडिकेटेड लाइन' मार्फत् प्रयोग गरेको बिजुलीको बिल उद्योगीले तिर्नुपर्ने बताएका छन् ।

सिद्धार्थ उद्योग वाणिज्य संघले शुक्रबार भैरहवामा आयोजना गरेको ६६औं वार्षिक साधारणसभामा मन्त्री खड्काले प्रयोग गरेको बिजुलीको बिल सम्बन्धित उद्योगीले तिर्नुपर्ने बताएका हुन् ।

'उद्योगी आफूले कति रकम तिर्नुपर्ने हो, त्यसको बिल नेपाल विद्युत प्राधिकरणले दिनुपर्छ, तिर्न बाँकी उद्योगीले बिलअनुसार रकम तिर्नुपर्छ ।'- ऊर्जामन्त्री खड्काले भने ।

प्रयोग गरेको बिजुलीको बिल तिर्ने दायित्व उद्योगीको रहेको, तर भुटा विवरणको आधारमा उद्योगीलाई बिल तिर्न लगाउनु अत्याचार भएको खड्काले बताए । 'सरकारको जिम्मेवार निकायमा बस्ने, भुटा विवरण पेस गर्ने अनि जनतालाई दुःख दिने कुरा सरकारलाई किमार्थ स्वीकार्य हुँदैन ।'- उनले भने ।

मन्त्री खड्काले सरकार निजी क्षेत्रसँग मिलेर साथीका रूपमा काम गर्न चाहेको बताए । निजी क्षेत्र कमजोर भए सरकार बलियो हुन नसक्ने उनको भनाइ छ ।

उनले डेडिकेटेड र ट्रंकलाइन विवाद समस्यामा रहेका २२ उद्योगबारे यासो राख्दै प्रयोग गरेको विद्युत् यकिन गरी उद्योगीले बिल तिर्नुपर्ने बताए । डेडिकेटेड लाइन नजिकैबाट गएका आधारमा मात्र बिल तिर्न लगाउनु अत्याचार र अन्याय भएको भन्दै आगामी दिनमा यस्तो अन्याय नहुने उल्लेख गरे ।

ऊर्जामन्त्री खड्काले हिउँदमा अझै पनि माग भएको १ हजार मेगावाट बिजुली खरिद गरिरहेको अवस्था रहेको बताउँदै अब ठूला आयोजनालाई अगाडि बढाउने, विद्युत् सुरक्षामा ध्यान दिने, आन्तरिक खपत बढाएर आम्दानीको स्रोत बढाइने योजना रहेको जानकारी दिए ।

उनले 'ऊर्जा विकास मार्गचित्र २०८१' मा सरकारले १० वर्षमा २८ हजार ५ सय मेगावाट विद्युत् उत्पादन गर्ने र १५ हजार मेगावाट छिमेकी देश निर्यात गर्ने लक्ष्य लिएकाले सोहीअनुसार सरकारले काम अगाडि बढाइरहेको बताए ।

उनले सस्तो लोकप्रियताका लागि भीड जम्मा गरेर आफ्नो र मुलुकलाई बर्बादीतर्फ नधकेल्न समेत आग्रह गरे । निजी क्षेत्रसँग साझेदारी गरेर अर्थतन्त्र बलियो बनाउने, सुशासन कायम गर्ने र समृद्धि प्राप्त गर्ने सरकारको पहिलो लक्ष्य रहेको र त्यही लक्ष्यसाथ वर्तमान सरकारले काम गरिरहेको उनको भनाइ थियो ।

त्यस्तै संविधानसभा सदस्य तथा सिद्धार्थनगर नगरपालिकाका प्रमुख इशतियाक अहमद खाँले सवारीसाधन विद्युत्बाट मात्रै चल्ने गरी सरकारले योजना बनाउनुपर्ने बताए । उनले उद्योग-व्यवसायलाई चलायमान बनाउनुपर्नेमा जोड दिए । उनले बाह्य मुलुकबाट इन्धन ल्याएर सवारी चलाउनभन्दा नेपाल जलस्रोतको दोस्रो धनी मुलुक भएकाले पर्याप्त विद्युत् उत्पादन गरी विद्युतीय सवारीमा जोड दिनुपर्ने जनाए ।

पूर्व गृहमन्त्री तथा लुम्बिनी प्रदेशसभा सदस्य सन्तोष कुमार पाण्डेयले लुम्बिनीलाई धार्मिक पर्यटनको केन्द्रको रूपमा मात्रै विकास गरी प्रचारप्रसार गर्न सके धार्मिक पर्यटकको आगमनले मुलुकलाई समृद्ध बनाउन सकिने बताए ।

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले बजार चलायमान बनाउने परिस्थिति निर्माण गर्नुपर्ने बताए । लगानी गर्ने क्षेत्रबारे बारे उद्योगी व्यवसायीमा अन्योलता भएकोले सबै निराश छन् ।

सरकारले लिनुपर्ने दायित्व नभई कर मात्रै असुली गर्ने मनसाय रहेकोले उद्योगी व्यवसायी पलायन हुनुपर्ने बाध्यता रहेको बताए । उनले ट्रंकलाइन र डेडिकेटेड लाइनको नाममा समय-समयमा हुने विद्युत् कटौती र मानसिक तनावले आजित भएको बताउँदै प्रमाणसहित आए निजी क्षेत्र तिर्न तयार छ, यो समस्या छिट्टै समाधान गर्नुपर्ने बताए । 'जता हेर्यो, उतै निराशा छ ।

» बाँकी ३ पेजमा

'टीआरसी गठन प्रकृया अघि बढाऊ'

बुटवल । राष्ट्रिय मानवअधिकार आयोगले शान्ति प्रक्रियालाई टुंगोमा पुऱ्याउन गठन हुनुपर्ने सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन प्रक्रिया अघि बढाउन सरकारलाई पत्राचार गरेको छ ।

सङ्क्रमणकालीन न्यायमा कायम रहेको अन्यौलताको अन्त्य गर्न आवश्यक पहल गरिदिन पीडित तथा सरोकारवालाबाट आयोगसमक्ष अनुरोध भएपछि आयोगले शुक्रबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको हो ।

शान्ति प्रक्रियाको महत्वपूर्ण भाग सङ्क्रमणकालीन न्यायको सम्बोधनका लागि नेपाल सरकारबाट दुई पटकसम्म आयोग गठन भई कार्य अगाडि बढाइएको भए पनि तत्कालीन आयोगबाट द्वन्द्वकालीन मानवअधिकार उल्लंघनका घटनामा सिफारिस गर्ने कार्य पुरा हुन हुन नसकेको भन्दै आयोगले पत्राचार गरिएको आयोगका सहायक प्रवक्ता समेत रहेका उप-सचिव श्यामबाबु काफ्लेले जानकारी दिए ।

उनका अनुसार आयोग गठन हुन नसक्दा न्यायका आकांक्षी द्वन्द्वपीडितमा नैराश्यताको अवस्था सिर्जना हुँदै गएको भन्दै सङ्क्रमणकालीन न्यायमार्फत् द्वन्द्वकालमा भएका मानवअधिकार उल्लंघनका घटनामा पीडितलाई न्याय दिलाउन र शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन पत्राचार गरिएको हो ।

पत्रमा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३ को उपदफा ३ बमोजिम पुनः सिफारिस समिति गठनको कार्य अघि बढाउन आयोगले आग्रह गरेको उप-सचिव काफ्लेले बताए ।

दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

पाहुर

२०८१ फागुन २४, गते शनिबार

तपाईंका लागि...

बिट्विन द लाइन्स्...

सत्य
पानीको एउटा समुद्र हो ।
मान्छेहरूले आ-आफ्नो
भाँडोअनुसार
त्यसलाई भरिलिन्छन्

– कवि पूर्ण वैद्य

मार्च ८ विशेष

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको संक्षिप्त इतिहास

- अमेरिकाको न्यूयोर्क शहरका गार्मेन्ट उद्योगमा काम गर्ने १५ सय श्रमिक नारीले सन् १९०८ फेब्रुअरी २८ मा हड्ताल गरे । उनीहरूले काम गर्ने वातावरण, काम गर्ने निश्चित समय र पुरुष सरह समान ज्याला पाउनुपर्ने माग राख्दै सडकमा जुलुस निकालेर विरोध प्रदर्शन गरेका थिए । यसैलाई महिला अधिकार प्राप्तिको लागि भएको पहिलो संगठित प्रयास मानिन्छ ।
- त्यसको एक वर्षपछि सन् १९०९ फेब्रुअरी २८ मा अघिल्लो वर्षको महिला आन्दोलनको स्मरण गर्दै अमेरिकी समाजवादी पार्टीले प्रथम राष्ट्रिय नारी दिवस मनाउँदै प्रदर्शन गर्‍यो । त्यो दिन आइतबार परेको थियो । त्यसैको निरन्तरता स्वरुप अर्को वर्षदेखि त्यही फेब्रुअरीको अन्तिम आइतबार राष्ट्रिय महिला दिवस मनाउन थालियो ।
- महिला अधिकारको विषय उठ्न थाले पनि त्यसमा व्यापक समर्थन जुटाउने र विश्वव्यापी मान्यता दिलाउने श्रेय भने जर्मनीकी मार्क्सवादी सामाजिक अभियन्ता 'क्लारा जेट्किन' लाई जान्छ । सन् १९०६ मा सम्पन्न 'अन्तर्राष्ट्रिय श्रमिक महिला संगठन' को प्रथम सम्मेलनबाट उनी उक्त सङ्गठनकी सेक्रेटरी बनेकी थिइन् । सन् १९१० मा डेनमार्कको कोपनहेगनमा उक्त सङ्गठनको द्वितीय सम्मेलन सम्पन्न भएको थियो जसमा क्लारा जेट्किनले 'श्रमिक महिला दिवस' मनाउने प्रस्ताव राखेकी थिइन् । सो प्रस्ताव सम्मेलनमा सहभागी १७ देशका १ सय सदस्यबाट पारित भएको थियो ।
- अन्तर्राष्ट्रिय सम्मेलनको निर्णयअनुसार सन् १९११ मा जर्मनी, अष्ट्रिया, डेनमार्क तथा स्विजरल्याण्ड आदि राष्ट्रहरूमा आ-आफ्नै सुविधाअनुसार तारिख छनोट गरी प्रथम श्रमिक महिला दिवस मनाइएको थियो । यसरी महिला दिवस अन्तर्राष्ट्रिय बन्न गयो र प्रत्येक वर्ष दिवस मनाउने कार्यले निरन्तरता पायो ।
- जर्मनीमा सन् १९१४ मार्च ८ मा चौथो श्रमिक महिला दिवस मनाइएको थियो । आइतबार परेको कारण यो दिन छनोटमा परेको हुन सक्छ, कारण त्यो बेलासम्म नारी दिवस मनाउन निश्चित तारिख तय भएको थिएन । उक्त दिन आयोजना भएको विशाल प्रदर्शनमा पहिलोपल्ट लैङ्गिक विभेदको अन्त्य र महिलालाई मतदानको अधिकारको माग उठेको थियो । त्यतिञ्जेलसम्म विश्वमा जम्मा तीन राष्ट्र न्यूजलैण्ड (सन् १८९३), अष्ट्रेलिया (सन् १९०२), फिनल्याण्ड (सन् १९०६) मा मात्र महिलालाई मतदानको अधिकार प्राप्त थियो ।
- सन् १९१४ मार्च ८ कै दिन बेलायतको राजधानी लण्डनमा पनि महिला दिवस मनाउने प्रयास भयो । यसको नेतृत्व गर्ने सिल्भिया पान्खुर्ष्टले ट्राफलगर स्क्वायरमा कडा मन्तव्य व्यक्त गरेको आरोपमा त्यहींबाट पक्राउ परेकी थिइन् ।
- रुसमा सन् १८८० को दशकदेखि नै महिला सामाजिक अभियन्ताहरूले महिला हकहितको विषय उठाउँदै रुसी युनियन फर वुमेन्स इक्वालिटीजस्ता संस्था स्थापना गर्नुका साथै 'महिला मजदुर' जस्ता पत्रिका प्रकाशित गरेको कारण चेतनास्तरमा वृद्धि हुँदै थियो । परिणामस्वरूप सन् १९०५ को क्रान्तिमा पहिलोपल्ट सङ्गठितरूपमा महिला अधिकारको कुरो उठाइयो । सन् १९१३ फेब्रुअरी महिनाको अन्तिम शनिबार रुसले पहिलोपल्ट महिला दिवस मनाएको थियो । सन् १९१७ को फेब्रुअरी क्रान्तिपछि बनेको अन्तरिम सरकारले सन् १९१७ मा महिलालाई मतदानको अधिकार प्रदान गर्‍यो ।
- सोभियत रुसको स्थापना भएपछि मार्च ८ लाई सोभियत सरकारले श्रमिक महिला दिवसको मान्यता दिई उक्त दिन महिलालाई काममा बिदा दिने घोषणा गर्‍यो । चीनमा पनि १९२२ देखि महिला दिवस मनाउन थालिएको हो । सन् १९२७ मा ग्वान्झाउ प्रान्तमा २५,००० महिलाले अधिकार प्राप्तिको माग राखेर प्रदर्शन गरेका थिए । १९४९ मा जनवादी गणतन्त्र चीनको स्थापना भएपछि ८ मार्चमा श्रमिक महिला दिवस मनाउने घोषणाका साथै आधा दिनको बिदा दिने पनि व्यवस्था भयो ।
- संयुक्त राष्ट्र संघको साधारण सभाले एक प्रस्ताव पारित गरी ८ मार्चलाई अन्तर्राष्ट्रिय महिला दिवस र सन् १९७५ लाई अन्तर्राष्ट्रिय नारी वर्ष घोषणा गरेर मनाएदेखि यसले विश्वव्यापी मान्यता पनि प्राप्त गर्‍यो । महिला आन्दोलनको क्रममा सन् १९१० देखि नै अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउन थालिए पनि संयुक्त राष्ट्र संघले सन् १९७५मा (स्थापनाको ३० वर्ष पश्चात्) मात्र यो दिवसलाई अंगीकार गर्‍यो ।
- सन् १९७७ देखि नारासहित श्रमिक महिला दिवस मनाउने परम्परा बस्यो । पहिलो अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको नारा 'विगतको स्मरण, भविष्यको योजना' । यो वर्षको अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको नारा 'सबै महिला तथा बालिकाको लागि: अधिकार, समानता र सशक्तीकरण' रहेको छ ।
- नेपालमा वि.सं.२०१६ मा संसदीय व्यवस्था स्थापना भएपछिविश्वेश्वर कोइरालाको पहिलो सरकारको पालादेखि अन्तर्राष्ट्रिय महिला दिवस मनाउन थालिएको हो । यो बेलासम्म विश्वले ५० औं अन्तर्राष्ट्रिय महिला दिवस मनाइसकेको थियो ।

(विभिन्न अनलाइन स्रोतमा आधारित)

क्लारा जेट्किनको जीवनी

क्लारा जेट्किन मार्क्सवादी चिन्तक, सिद्धान्तकार र समाजवादी अग्रणी महिला नेतृ थिइन् । उनले सदैव महिला अधिकारको वकालत गरिन् । क्लारा जर्मन र अन्तर्राष्ट्रिय श्रमिक आन्दोलनकी र महिला श्रमिक आन्दोलनकी एक प्रमुख संघर्षशील नेतृ थिइन् । उनी अन्तर्राष्ट्रिय महिला दिवसको सुरुवात गराउने विश्व प्रसिद्ध महिला नेतृ थिइन् ।

क्लाराको जन्म ५ जुलाई १८५७ मा जर्मनीको सेक्सोनी प्रान्तमा भएको थियो । उनका पिता गोटफ्राइड आइजनर एक शिक्षक थिए । उनकी आमा जोसफिन विटाले शिक्षित महिला थिइन् ।

क्लाराले आफ्नो पढाइ सन् १८७२ बाट 'लीपजिङ टीचर्स कलेज फर उमन्स' बाट सुरु गरेकी थिइन् । स्कूलकै समयमा उनी सन् १८७४ मा जर्मनीको मजदुर आन्दोलन र महिला आन्दोलनसँग जोडिन् । सन् १८७८ बाट क्लारा समाजवादी श्रमिक पार्टीमा जोडिन् र यो पार्टीको नामपछि सामाजिक-जनवादी राखियो ।

त्यसैबखतको प्रसिया (जर्मनी) का शासक बिस्मार्कले समाजवादी पार्टीको गतिविधिमा नियन्त्रण गरेकोले सन् १८८२ मा क्लारा ज्युरिच गइन् । उनी पछि फेरि पेरिस गइन् । त्यहाँ उनले पत्रकारिता र अनुवादको अध्ययन गरिन् । पेरिस प्रवासको क्रममा उनले समाजवादी अन्तर्राष्ट्रिय समूहको स्थापना गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गरिन् । सन् १८८९ को जूनमा उनका पति ओसिप जेटकिनको बिरामी भएर निधन भएपछि उनी स्टुटगार्ट गइन् । त्यहाँ उनले पछि कलाकार जर्ज फ्रेडरिक जुडेलसँग दोस्रो विवाह गरेकी थिइन् ।

क्लारा जेटकिनको सक्रिय राजनीतिक यात्रा ओसिप जेटकिनसँग भेटेपछि भएको थियो । दुवैको विवाहपछि क्लाराले गुप्त समाजवादी पार्टीका केही बैठकमा भाग लिइन् । उनले मार्क्सवादी विचारअन्तर्गत महिला मुक्ति र समाजमा परिवर्तनको लागि आफ्नो जीवन समर्पित गर्ने निर्णय गरिन् ।

सामाजिक जनवादी पार्टीमा जेटकिनकी नजिककी साथी र विश्वासपात्रहरूमध्ये रोजा लक्जेम्बर्ग थिइन् । सन् १८८० मा जर्मनीमा क्रान्तिकारीहरूलाई तत्कालीन शासकले दमन गर्न थालेपछि जेटकिनले जर्मनी छोड्ने स्थिति बन्यो । यस क्रममा उनी स्वीट्जरल्याण्ड र फ्रान्समा बसिन् । लगभग एक दशकपछि उनी पुनः जर्मनी फर्किन् र जर्मनीको सामाजिक-जनवादी पार्टीको महिलाको अखबार डाई ग्लीचीट (समानता) को सम्पादक बनिन् । त्यसपछि उनले सन् १८७४ बाट जर्मनीमा महिला आन्दोलन र श्रमिक आन्दोलनसँग सम्बन्ध स्थापना गरिन् । सन् १८७८ मा उनी सोशलिस्ट वर्कर्स पार्टीमा सामेल भइन् ।

यो पार्टीको स्थापना सन् १८७५ मा लासालको पार्टी एडीएभी र लिब्नेख्तको एसडीएपी पार्टीहरूलाई मिलाएर भएको थियो । सन् १८९० मा यसको नाम बदलेर जर्मनीको सामाजिक-जनवादी पार्टी (एसडीपी) राखियो ।

सन् १८९८ मा क्लाराको एक क्रान्तिकारी महिला नेतृ रोजा लक्जेम्बर्गसँग असल सम्बन्ध स्थापित भएको थियो । रोजाले क्लारालाई धेरै ऊर्जापूर्ण ढङ्गले सहयोग गरिन् । संशोधनवादविरुद्धको बहसमा दुवै महिला नेतृले संयुक्तरूपमा बर्नस्टीनका सुधारवादी सिद्धान्तहरूमाथि आक्रमण गरेका थिए । उनीहरूले क्रान्तिकारी विचारलाई अगाडि बढाउन महत्वपूर्ण भूमिका खेले ।

समाजवादको माध्यमबाट महिलाहरूलाई समान अधिकार र मताधिकार दिने पक्षमा उनी दृढतापूर्वक लडिन् । उनले जर्मनीमा सामाजिक-जनवादी महिला आन्दोलनलाई विकास गर्न सहयोग गरिन् ।

सन् १९०७ मा क्लारा सामाजिक-जनवादी पार्टीको नवस्थापित कार्यालयमा महिला कार्यालयको प्रमुख नेता बनिन् ।

क्लाराले सुरुदेखि नै महिला आन्दोलनमा सक्रिय भूमिका खेल्दै आएकी थिइन् । उनी महिलाहरूको लागि समान हक-अधिकार दिलाउनमा धेरै सक्रिय थिइन् । उनले सन् १९०७ मा नै भएको पहिलो अन्तर्राष्ट्रिय महिला सम्मेलनमा पनि भाग लिएकी थिइन् ।

सन् १९१० को अगस्टमा डेनमार्कको कोपनहेगनमा भएको समाजवादीको दोस्रो अन्तर्राष्ट्रियको आम बैठकभन्दा पहिले एक अन्तर्राष्ट्रिय महिला सम्मेलनको आयोजना गरिएको थियो । यो बैठकमा नै अन्तर्राष्ट्रिय महिला दिवसको स्थापनाको प्रस्ताव राखियो । केही हदसम्म अमेरिकी समाजवादीहरूको कामबाट प्रेरित भएर जेटकिन, केट डङ्कर र अन्यले हरेक वर्ष एक विशेष महिला दिवस मनाउने कुराको प्रस्ताव राखेका थिए । तर, त्यो सम्मेलनमा निश्चित दिन भने तोकिएको थिएन । यो सम्मेलनमा १७ देशका १०० महिला सङ्गठनले समान अधिकार र भोटको अधिकारको लागि निर्मित विचारसँग सहमति गरे । त्यसपछि सन् १९११ मार्च १९ मा अन्तर्राष्ट्रिय महिला दिवसलाई पहिलोपटक अस्ट्रिया, डेनमार्क, जर्मनी र स्वीट्जरल्याण्डमा दसौं लाखको उपस्थितिमा मनाइएको थियो ।

क्लारा पुँजीवादी नारीवादको विरुद्धमा थिइन् र यसलाई उनी मजदुरवर्गको एकतालाई ध्वस्त पार्ने हतियार ठान्थिन् । उनका अनुसार बुर्जुवा नारीवाद र सर्वहारा महिला आन्दोलन दुई मौलिकरूपले भिन्न आन्दोलन हुन् । क्लाराको मतमा बुर्जुवा नारीवादीहरूले पुँजीवादको अस्तित्वमाथि प्रश्न नउठाइकन लिङ्गको विषमा द्वन्द्वलाई बढाए र आफ्नो वर्गका पुरुषहरूको विरुद्धमा सङ्घर्षको माध्यमबाट सुधारलाई ल्याए । यसको विपरीत श्रमिक महिलाहरूले वर्गकोविरुद्ध वर्गसङ्घर्षको माध्यमबाट र आफ्नो वर्गका पुरुषसँग संयुक्त लडाइँमा पुँजीवादीहरूभन्दा अगाडि निकल्ने कोसिस गरेका छन् ।

क्लाराका अनुसार महिलाहरूको उत्पीडनलाई सही अर्थमा समाप्त गर्ने एकमात्र मार्ग भनेको समाजवाद हो । उनको प्राथमिक उद्देश्य महिलाहरूलाई घरबाट बाहिर निकालेर सक्रिय बनाउनु थियो, जसबाट महिलाहरूले आफ्नो स्थितिमा सुधार गर्नको लागि ट्रेड युनियन र अन्य श्रमिक अधिकार सङ्गठनमा भाग लिन सकून् । क्लाराको विचारमा समाजवादी आन्दोलन महिला उत्पीडनलाई कम गर्नको लागि हुनुपर्दछ; समाजवादी आन्दोलन महिलाहरूलाई समाजवादतिर एक सामान्य कदममा सामेल गरेपछि मात्र प्रबल हुन्छ, नभए पछिको कानुनले उनीहरूलाई सजिलैसँग खतम गरिदिन्छ ।

क्लारा पहिलो विश्वयुद्धको विरुद्धमा थिइन् । सन् १९१५ मा उनले बर्लिनमा प्रथम विश्वयुद्धको युद्धविरोधी गतिविधिमा अन्तर्राष्ट्रिय समाजवादी युद्धविरोधी महिला सम्मेलनको आयोजना गरिन् । पुँजीवादीहरूले आफ्नो मुनाफा बढाउन युद्ध भड्काएका हुन् भनेर उनले यसको घोर विरोध गरिन् । उनले भनिन्, यो युद्धमा श्रमिकहरूले केही पनि हासिल गर्दैनन् तर उनीहरूले आफ्ना प्रिय सबै कुरा गुमाउनुपर्दछ । युद्धविरोधी विचार व्यक्त गरेकोले उनलाई धेरैपटक गिरफ्तार पनि गरिएको थियो ।

उनले समाजवादी महिलाहरूको अन्तर्राष्ट्रिय ब्युरोको सचिवको रूपमा समाजवादी महिला सम्मेलनको आयोजना गरिन् र बुर्जुवा नारीवादी स्थितिको विरुद्धमा लडिन् । सन् १९१६ मा उनलाई हिरासतमा लिइएको थियो तर बिरामी भएको कारण छोडियो ।

सन् १९१६ मा क्लारा स्पार्टावादी लीग र स्वतन्त्र सामाजिक जनवादी पार्टीको सहसंस्थापक बनिन् । सन् १९१८ को जर्मनीको क्रान्तिपछि सन् १९१९ मा जर्मनी कम्युनिस्ट पार्टीको स्थापना भयो र उनी त्यसमा जोडिइन् । सन् १९२० मा उनले महिलाको सवालमा लेनिनसँग अन्तर्वार्ता लिएकी थिइन् । सन् १९२१ देखि १९३३ सम्म उनी कम्युनिस्ट अन्तर्राष्ट्रियको कार्यकारी समितिको सदस्य पनि रहिन् ।

उनले महिलाहरूको लागि एक अन्तर्राष्ट्रिय सचिवालयको अध्यक्षता पनि गरिन्, जसलाई अक्टोबर १९२० मा कम्युनिस्ट अन्तर्राष्ट्रियद्वारा बनाइएको थियो । जून १९२१ मा अन्तर्राष्ट्रिय सम्मेलन भएको थियो । मस्कोमा भएको कम्युनिस्ट महिलाहरूको बैठकको अध्यक्षता उनैले गरेकी थिइन् । त्यस बैठकले अन्तर्राष्ट्रिय महिला दिवस ८ मार्चमा मनाउने निर्णय गरेको थियो । त्यहींबाट ८ मार्च अन्तर्राष्ट्रिय महिला दिवस बन्न गयो ।

सन् १९२५ मा उनी जर्मन वामपन्थी सङ्गठनको अध्यक्ष चुनिएकी थिइन् । क्लाराले फासीवादको विरुद्धमा पनि दृढतापूर्वक सङ्घर्ष गरिन् । उनलाई सन् १९२७ मा अर्डर अफ लेनिन र सन् १९३२ मा अर्डर अफ रेड ब्यानरले सम्मान गरिएको थियो ।

सन् १९३३ मा जर्मनीमा हिटलरको आगमनपछि कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगायो । त्यसपछि क्लारा निर्वासनमा सोभियत संघ गइन्, त्यही वर्ष जून २० मा ७६ वर्षको उमेरमा मस्को नजिकै अर्खान्जेल्सकोयमा उनको निधन भयो । उनी धेरै चर्चित कम्युनिस्ट महिला नेतृ थिइन् । उनको अन्तिम श्रद्धाञ्जलीको लागि युरोपबाट धेरै कम्युनिस्ट नेता आएका थिए ।

कुन देशमा महिलाले कहिले मतदान अधिकार प्राप्त गरे ?

देश	महिलाले मतदान अधिकार पाएको वर्ष
न्युजल्याण्ड	सन् १८९३
अष्ट्रेलिया	सन् १९०२
फिनल्याण्ड	सन् १९०६
फ्रान्स	सन् १९४५
जापान	सन् १९४६
नेपाल	सन् १९५१
इरान	सन् १९६३

देश	महिलाले मतदान अधिकार पाएको वर्ष
स्वीट्जरल्याण्ड	सन् १९७१
साउदी अरब	सन् २०१८
रुस	सन् १९१७
संयुक्त अधिराज्य बेलायत	सन् १९१८
संयुक्त राज्य अमेरीका	सन् १९२०
नेपाल	सन् १९५१
इरान	सन् १९६३

कविता

मान्छे मरुभूमि होइन

पारिजात

मात्र छउन्जेल आशा हुन्छ भन्छ
खुकुरीले बिर्सन्छ अचानुले बिर्सदैन भन्छ
जतिसुकै डढेलो लगाउन्
अँगार भएर भित्र कता कता राँन्किरहन्छ भन्छ ।

छोप्छन् आलो बिहानलाई
आलो सम्झनालाई
विस्मृतिका भारपातहरूले
भन्छ त्यही विस्मृतिका हाँगा-हाँगामा
फुल्छन् सक्रियताका फूलहरू
मान्छे मरुभूमि होइन
ए ! मान्छे मरुभूमि होइन
प्रवृत्ति एकाएक र अन्तिमपल्टलाई कहिल्यै मर्दैन
मन त पल्हाउँछ घरीघरी, जाल्छ घरीघरी
मान्छेको मन मरुभूमि होइन ।

किन के फरक छ दास युग र अहिले
त्रासदी भोग्नलाई ? जिउँदो मान्छे डढेकै छ
सुकुम्बासीको छाप्रोभित्र ।
हर आज त्रासदी दुःख भएर
थुप्री-थुप्री दुःखी मान्छेहरूका सम्वेदनशील मनहरू
एउटा बाहनामा उनीएर बसेका छन् ।

गल्ती गर्‍यो, जसले दुःखी मान्छेलाई मरुभूमि ठान्यो
गल्ती गर्‍यो, जसले सगीरमा उनीएको
सुकुम्बासी बाबुको रक्ताम्य लाश हेरेपछि
नाबालक छोराका आँखाहरू ढुंगा हुन्छन् भन्ने ठान्यो
गल्ती गर्‍यो, जसले खरानीको डल्ला भएको
छोराको लाश देखेपछि
सुकुम्बासी बाबुको छाती बाँझो बगर बन्छ भन्ने ठान्यो ।

नाबालक आँखाहरू ढुंगा हुन सक्दैनन्
बूढाको छाती बाँझो बगर हुनसक्दैन
आलो बिहानमाथि फुल्ने परेको छ
सक्रियताका फूलहरू ।

मान्छे मरुभूमि होइन
रगत पालिँदैन भन्छ
रगत उम्लन थालेपछि पोख्नपर्छ भन्छ
नदी नै हो भान्छेको सहने शक्ति, पचाउन त सबै पचाउँछ
हर यस नदीमा पनि खतरा रेखा हुन्छ भन्छ
बाढ आउनुपर्छ भन्छ, बाढ
रगतको हिसाब किताब त हुन्छ हुन्छ
किनकि मान्छे मरुभूमि होइन ।

विचारको ढाड

शकुन्तला जोशी

त्यसपछि मलाई कहिल्यै मन परेनन्
विचारलाई नुहाएर
सुलिसजस्तो दोब्रिने मान्छेहरू

ती जो छन् आफैंलाई मिसाएर पानीमा
नदीजस्तै बगिरहेका मान्छेहरू
ती जो छन् आफैंलाई मुछेर पसिनामा
माटोजस्तै बाँचिरहेका मान्छेहरू

जब हाँस्छन् निष्फिक्री उज्यालो छरेर अनुहारभरी
त्यसपछि मलाई कहिल्यै मन परेनन्
विचारलाई नुहाएर सुलिसजस्तो दोब्रिने मान्छेहरू

सरकारले भर्खरै झुण्ड्यायो
नानीहरूका नाममा एउटा शैक्षिक ब्यानर
त्यस मुन्तिर
स्कूल देख्न नपाएर रोइरहेको एउटा बालक
चुरोटको खोलमा टाँसिएका अक्षरहरू
धुलौटे हातले सुमसुम्याउँछ र फिस्स मुस्कुराउँछ
चाड मिलाएर किताब खाँदिएका ब्याग लतार्दै
स्कूल पुगेका नानीहरू पनि अचेल
किन पढ्छन् किताबभन्दा बढी मास्टरका अनुहार ?
किन सोध्नुहुन्छ बा
दुःखको कथा कतै छापिन्छ कि छापिन्न ?
किन सोध्नुहुन्छ आमा
आइमाईहरूले पर्खाल नाघ्न हुन्छ कि हुँदैन ?
किन ब्याल्यो त्यो टिटोले
मूल बाटोमा उभिएर नागरिकता ?
किन फुटाई बहिनीले भित्तामा टाँसेको ऐना ?
किन मिलाउन सक्दैनन् कैले अचेल
गाउँका मान्छेहरू ?

समयको एउटै धारमा बगिरहेको बेला
जब देख्छु विद्रोहले धर्काइरहेका अनुहार वस्तीभरि
त्यसपछि कहिल्यै मन परेनन्
विचारलाई नुहाएर सुलिसजस्तो दोब्रिने मान्छेहरू ।

दर्शन

शैव दर्शन संक्षिप्त परिचय

नारायण गिरी

दर्शनशास्त्रमा शैव दर्शनको विशेष महत्तव रहेको देखिन्छ। शिवसँग सम्बद्ध दर्शनलाई शैव दर्शन भनिन्छ । शिवका उपासकलाई शैव भन्ने गरिन्छ । पूर्वीय परम्परामा आगमिक, आस्तिक वा नास्तिक सबै दार्शनिक सम्प्रदायमा कुनै न कुनै रूपमा शैव दर्शनलाई आत्मसात गरेको पाइन्छ । किनभने शिव साधना सम्पूर्ण दर्शन र विशेषगरी आगमिक शैव दर्शनको व्यावहारिक पक्ष हो । शैव दर्शन र साधनालाई अती प्राचीन कालदेखि नै सुरु भएको मानिन्छ । पूर्वीय साहित्यमा उल्लेख भए अनुसार अति प्राचीन कालमा शिवसिद्ध शैवाचार्यहरूले ध्यानमग्न अवस्थामा आगमको दर्शन प्राप्त गरे । त्यसकारण आगम इतिहासको सुरुवातदेखि नै आगमिक आचार्यहरूबाट प्रारम्भ भएको मानिन्छ। पूर्वीय दर्शन र साहित्यमा शैवागमका अनेकौं सन्दर्भ पाइन्छन् । के मानिन्छ भने पूर्वीय दार्शनिक ग्रन्थहरू शैव साधनालाई लक्ष्य गरेर नै लेखिएका हुन् । पूर्वीय दर्शन परम्परामा एक धारा शैव सम्प्रदाय निरन्तर प्रभावशाली ढंगले अगाडि बढिरहेको देखिन्छ। केही रहस्यमय साधनाको रूप भएको कारणले यो वैदिक र अवैदिक धाराहरूको संगमको रूपमा अगाडि बढेको देखिन्छ। प्रत्यक्ष उपासनाको रूपमा पनि शिवलाई धेरै मान्यता प्राप्त भएको देखिन्छ । प्राचीन ऐतिहासिक खोजहरूबाट शिवको प्राचीनता प्रमाणित हुन्छ । धेरै समय अघिदेखि नै गाउँ-गाउँमा शिव साधना केन्द्र रहेको पाइन्छ। ऋग्वेद र यजुर्वेदमा रूद्रको रूपमा शिवको व्याख्या गरिएको पाइन्छ । दसनामी (गिरी, पुरी, भारती, वन, पर्वत, सागर, तीर्थ, अरण्य, आश्रम र सरस्वती), नाथ सम्प्रदाय, कर्म सन्यासी, जन्म सन्यासी र प्रायः सबै जातजाति र सम्प्रदायले शैव दर्शन अनुसार आफ्नो जीवनव्यवहारलाई अगाडि बढाएको देखिन्छ। धेरै शिवमन्दिरमा शिवलाई योगमुद्रामा दर्शाइएको देखिन्छ । जप, तप, त्याग, योग गरेर शरीर र मनलाई शुद्ध गरी प्राणी-जगतको हितमा लाग्नु शैव दर्शनको ध्येय देखिन्छ।

शैव दर्शनले प्रकृतिका आधारभूत तत्व पृथ्वी, अन्तरिक्ष, जीवत्व, सूर्य, बरूणलाई स्वीकार गर्दछ। शैव दर्शनले स्व-तत्व अनुसार वस्तु, जीव र पदार्थको स्वत्वलाई बुझाएको छ। शैव दर्शनलाई प्राकृतिक स्वभाववादी दर्शन पनि भनिन्छ। शैव दर्शनले गतिलाई पदार्थको अद्वैत बुम्पताबाट क्रियाशील हुन्छ भन्दछ। शैव दर्शनले पदार्थको द्वैततालाई सौम्य तत्व र आग्नेय तत्वको रूपमा व्याख्या गर्दछ। शैव दर्शनले ग्रह सातवटा छन् र त्यसमा सूर्य तथा चन्द्रमाले पृथ्वीलाई प्रकाशमान बनाउँदछन् भन्ने मान्यता राख्छ। यसको सृष्टि सम्बन्धी सोचानुसार कार्य-कारणमा आश्रित संयोगबाट सम्पूर्ण ब्रम्हाण्डको विस्तार र संकुचन हुन्छ । शैव दर्शनको पाशुपत मतले पंचपदार्थको धारणा अघि सरेको छ। यसलाई कार्य, कारण, योग, विधि र दुःखको रूपमा व्याख्या गरिएको छ । र, दुःखको अन्त्यको लागि शिवतत्वको सहाराको वकालत गरिएको छ। पशुपतिलाई सांसारिक जीव भनिएको छ र पशुत्व भनेको भाव विशेष मात्र हो ।

शैव दर्शनको मूल ग्रन्थ शैवागम हो र यो सबै शैव सम्प्रदायहरूको मूल ग्रन्थ पनि हो। यसमा शिवसंहिताको उल्लेख गरिएको छ। यो अनन्तर आगम र यामल ग्रन्थ हो, जुन संस्कृतमा छ । यो ग्रन्थको आधारमा पछि अभिनवगुप्त, सद्योज्योति, हरदत्त शिवाचार्य, रामकण्ठ, श्रीकण्ठ, भोजराज, अघोर शिवाचार्य, आदिले अनेकौं ग्रन्थहरूको विकास गरे । शैव दर्शन प्रायः गुप्त तन्त्रको रूपमा रहेको देखिन्छ । तिनीहरूका धेरै कम साहित्य प्रकाशित छन् । प्रकाशित भएका साहित्य पनि प्रतीकात्मक भएकोले बुझ्न धेरै कठिन छन् । शैव दार्शनिक परम्परामा धेरै सम्प्रदायहरू रहेका छन् । यिनीहरूमा शैव, पाशुपत, वीरशैव, कालामुख, काश्मीर शैव मत तथा दक्षिणी मत धेरै प्रसिद्ध छन् । यिनीहरूलाई शैव परम्परा अन्तर्गतका षड्दर्शन पनि भन्ने गरेको पाइन्छ। १४औं शताब्दीमा श्रीपति पण्डिताराध्याले ब्रम्हसूत्रमा शैवभाष्यको रचना गरी वेदान्त परम्परासँगै शैवमतलाई समन्वय गरेका थिए। पाशुपत मत नकुलीश पाशुतको नामले प्रसिद्ध छ । पाशुपत सूत्र यो सम्प्रदायको मूल ग्रन्थ हो । कालामुख र कापालिक सम्प्रदाय केही भयंकर र रहस्यमय रहेका छन् । काश्मीर शैव मत अद्वैत वेदान्त समान छ । तान्त्रिक भएर पनि यिनीहरूको दार्शनिक साहित्य प्रचुर मात्रामा पाइन्छ। वीर शैव मतले प्रायः शिवलिंग धारण गर्दछन् । त्यसकारण यिनीहरूलाई लिंगायत पनि भन्ने गरिन्छ । वीरशैव मत एकप्रकारको विशिष्टाद्वैतवादी मत हो । शिलामा शिवसूत्र अंकित गर्ने कार्यलाई शिवशिला भनिन्छ । शैवदर्शनमा शिवसूत्रलाई सिद्धान्तको प्रतिपादनको प्रमाण मानिएको छ।

शिवलाई सबै प्रणीको आराध्य मान्ने गरिन्छ । शिव शब्दको अर्थ नै कल्याणकारी भन्ने हुन्छ । शिवमा सामूहिक लोककल्याणकारी काममा आइपर्ने जस्तोसुकै कठिनाइ वहन गर्ने क्षमता हुन्छ भन्ने मान्यता राखिन्छ । सबै प्राणी जगतले शिव साधना गर्ने गरेको ऐतिहासिक अध्ययनले पुष्टि गर्दछ । प्राचीन हडप्पा र मोहनजोदरो संस्कृतिको अवशेषमा शिवलाई पशुपतिको रूपमा साधना गरिएका धेरै मूर्ति र चिन्ह प्राप्त भएका छन् । त्यहाँ उत्खननको क्रममा धेरै संख्यामा माटो, सीप र पत्थरका शिवलिंग प्राप्त भएका छन् । मोहनजोदडोमा उत्खननको क्रममा शिव उपासना अंकित एक मुद्रा पनि प्राप्त भएको छ ।२ यो मूर्तिलाई पशुपतिनाथ नामाकंन गरिएको छ। उत्तरी अफ्रिकाको इजिप्टमा तथा अन्य धेरै क्षेत्रमा नदी किनारमा शिवका धेरै मूर्तिहरू पाइएका छन् । टर्कीको बेबिलोन नगरमा १२०० फीटको महाशिवलिंग रहेको छ । मक्कामा पनि मक्केश्वर नामक शिवलिंग रहेको छ र त्यहाँको जमजम नामक कुवामा पनि एउटा शिवलिंग छ । ब्राजिलमा पनि प्राचीन शिवलिंग पाइएका छन् । स्कटल्याण्डमा एउटा स्वर्णमण्डित शिवलिंग छ, जसलाई त्यहाँका निवासीले धेरै श्रद्धापूर्वक पूजा गर्दछन् । हिन्द-चीनमा पनि शिवालय र शिलालेख उपलब्ध छन् ।श्रीलंका, बर्मा, आदि देशमा पनि शिवलिंगहरू रहेका छन् । सम्पूर्ण हिमालय खण्डमा शिवत्वलाई मानिन्छ । रोम र ग्रीसमा शिवलिंगलाई प्राइपस र फलको रूपमा मानिन्छ। इजिप्सियनहरूले पनि शिवलिंग पूजा गर्छन् । चिनियाँ र जापानी साहित्यमा पनि शिवलिंगको वर्णन गरिएको पाइन्छ । त्यसकारण शिवलाई विश्वदेवको रूपमा पनि व्याख्या गर्ने गरिन्छ । शिवलाई शून्य र सृष्टिलाई विस्तृत मानिन्छ। सम्पूर्ण जगतलाई धारण गर्ने विशाल शून्यलाई शिव तत्व मानिन्छ। यसलाई अन्धकार पिण्ड पनि भनिन्छ र सर्व-भूत कारण पनि भनिन्छ। शिवलाई पशुपतिनाथ, भूतनाथ, नीलकण्ठ, महादेव, रूद्र, त्रयम्बक, शंकर, भोलानाथ, आदि विभिन्न नामले जानिन्छ।

शिव तत्वलाई अनादि, अनन्त, साकार, निराकार, ॐकार र लिंकाकार रूपमा जातजाति, भाषाभाषी, वर्गसमुदाय, उत्पीडित, दलित, तल्लो स्तरमा गणना गरिएका, सामाजिक बहिस्करणमा परेका, शोषित, पुरूष, स्त्री, आदि सबै मानव समुदायले ध्यान तथा उपासना गर्दछन् । शिव तत्वलाई रहस्यात्मक तत्वको रूपमा लिने गरिन्छ । विश्वका धेरै प्राचीन सभ्यतामा शिवको उपासना गरिएको देखिन्छ । अफ्रिकाका मेक्सिस र आँसरिया क्षेत्रमा शिवका अनेकौं मूर्तिहरू पाइएका छन् । बेबेलोनको १२०० फिटको शिवलिंगलाई पृथ्वीको सबभन्दा ठूलो शिवलिंग मानिन्छ। त्यसरी हे ड्रो पोलिनमा एउटा ठूलो शिवालयमा सय फिटको शिवलिंग स्थापित गरिएको छ। भियतनाममा पनि धेरै शिवलिंग पाइएका छन्। कम्बोडियामा पनि नवौं शताब्दीमा स्थापित धेरै शिवलिंग पाइएका छन् । जावा, सुमात्रा र बाली टापुमा शिव-साधनाका प्रमाण पाइएका छन्।

वैज्ञानिक उत्खननको क्रममा प्राप्त भएका केही प्रमाणमा शिवलाई एक तान्त्रिक नर्तकको रूपमा चित्रित गरिएको छ । चिनियाँ माटोको एउटा अर्को मुद्रामा योगासीन शिवका दुवैतिर एक-एक नाग र सामुन्ने दुई नाग बसेको देखाइएको छ । यसलाई नागधारी शिवको रूपमा स्वीकारिएको छ। यो तथ्यबाट के प्रमाणित हुन्छ भने सिन्धु सभ्यतामा रहने मानिसहरू शैव दर्शनबाट निर्देशित देखिन्छन्। शैव दर्शनमा शिवलाई स्वमेव परमतत्व मानिएको छ। उनलाई परम कारूणिक मानिएको छ। शिवतत्व अनुग्रह र प्रसादका गुणहरूको समन्वय हो। सबैको कल्याण गर्नु यसको मुख्य उद्देश्य हो। यसकारण शिवतत्व भनेको शुभ, कल्याण, मंगल तथा श्रेयको पर्याय हो । यो विभिन्न कला तथा सिद्धिहरूको अधिष्ठाता हो । शैव दर्शनलाई योगविद्या र नाट्यशास्त्रको जनक मानिन्छ। शैव दर्शनले १०८ प्रकारका नाट्य-मुद्राहरूको रचना गरेको छ। यसरी शैव दर्शन धेरै प्राचीन दर्शन हो। कौटिल्यको अर्थशास्त्रबाट पनि मौर्यकालमा शिव साधना प्रचलित भएको पुष्टि हुन्छ। गुप्त शासक चन्द्रगुप्त द्वितीयको प्रधानमन्त्री वीरसेन शैव थिए । उनले उदयगिरी पहाडमा शैव गुफा निर्माण गराएका थिए । यो कालमा लिंग पूजाको पनि व्यापक प्रचलन रहेको पाइन्छ। हर्षवर्धनको कालमा चिनियाँ यात्री ह्वेनसांगले वाराणसीमा शैव दर्शनको व्यापकताको उल्लेख गरेका छन्।

शैव दर्शन अनुसार सम्पूर्ण जगत शिव तत्व र अशिव तत्वको संयुक्त रूप हो। शैव दर्शन अनुसार शिवलाई विनाशकारी, संहारकारी र प्रलयकारी शक्तिको द्योतक पनि मानिन्छ र सँगै मंगलकारी र कल्याणकारी रूपमा पनि मानिन्छ। सर्वप्रथम ऋग्वेदमा शिव रूद्रको रूपमा दृष्टिगोचर भएका छन् र यस कालमा क्रोधबाट बच्नको लागि शिवको उपासना गरिन्थ्यो। वस्तुतः यहाँ रूद्रमा विनाशकारी र रक्षा दुवै शक्ति थियो भन्ने स्पष्ट बनाइएको छ। यहाँ उनलाई वायुमण्डलीय तत्वको रूपमा व्याख्या गरिएको छ। उनलाई यहाँ तुफान, बिजुली, जंगलको आगो जस्ता प्राकृतिक परिघटनासँग तुलना गरिएको छ । यजुर्वेदको शत-रूद्रीय अध्यायमा शिवलाई भयंकर एवं मंगलकारी दुवै रूपमा वर्णन गरिएको छ। यहाँ उनका सय नाम उल्लेख गरिएका छन् । यहाँ शिवको सर्वज्ञ पक्षको उल्लेख गरिएको छ। अर्थववेदमा शिवलाई भव, शर्व, पशुपति, भूपति, महेश्वर, आदिको रूपमा वर्णन गरिएको छ। तैतीरीय आरण्यकमा सम्पूर्ण जगतलाई रूद्र रूप भनिएको छ। श्वेतास्वर उपनिषदमा रूद्रलाई आफ्नो शक्तिले संसारमा शासन गर्ने र प्रलयको समयमा प्रत्येक वस्तुको सामु विद्यमान रहने तथा उत्पत्तिको बेला सबै वस्तुहरूको सृजना गर्ने भनिएको छ। यहाँ शिवलाई हर, महादेव, ईश, महेश्वर र भगवत नामले पुकारिएको छ। शिवलाई रूद्र, सर्व, उग्र, अशनि, भव, पशुपति, महादेव र ईशान गरी ८ नामले पनि पुकारिन्छ। यसमध्येका पहिलेका चार नाम उग्र र पछिका चार नाम मंगल रूपका द्योतक मानिन्छन्। महाभारतमा शिवका एकहजार आठ नाम उल्लेखित छन् । पछिका पौराणिक ग्रन्थमा शिवलाई अर्धनारिश्वरको रूपमा वर्णन गरिएको छ। शिवलाई सत्यताको शिक्षक, शान्तिमा ध्यानरत योगीको रूपमा पनि प्रस्तुत गरिन्छ। शिवलाई महायोगी, महातपस्वी, यति, तपोनित्या, योगीश्वर, आदि नामले पनि जानिन्छ ।४ शैव दर्शनको प्राचीन मतानुसार शिवलाई पाशुपतको रूपमा शिवपुराण, लिंगपुराण, वामनपुराण एवं महाभारत, आदि ग्रन्थमा उल्लेख गरिएको छ। पाशुपतहरूले जीवलाई पशु र शिवलाई पशुपति भन्छन् । पाशुपतका अतिरिक्त शैव सम्प्रदायमा कापालिक, काश्मिरी, वीर, कालामुख, आदि रहेका छन्।

शैव दर्शन नरम र संयमित देखिन्छ । यो दर्शनानुसार जप, तप, योगाभ्यास, तान्त्रिकता, आत्मशुद्धि, आदिलाई विशेष जोड दिइएको देखिन्छ । शैव दर्शनले पशु, पति र पाशलाई विशेष जोड दिएको पाइन्छ। पशु भनेको प्राणी हो; हरेक प्राणी पशु हो। प्राणीलाई मोहपास र बन्धनहरूले घेरेको हुन्छ। प्राणीले त्यो पाश वा बन्धनबाट स्वयंलाई मुक्त नगरेसम्म उसले शिवतत्व प्राप्त गर्न सक्दैन। पति स्वयं शिवतत्वलाई मानिएको छ। तिनका मन्त्र, मन्त्रेश्वर, महेश्वर र मुक्त गरी चारवटा अंग भएको मानिन्छ। पाश भनेको प्राणीहरूलाई मल, कर्म, माया र रोगाधि जस्ता चार बन्धनहरूले घेरेर राख्नु हो । प्रणीले आफूलाई पाशको घेराबाट मुक्त भएको महसुस गरेपछि त्यसले शिवतत्व प्राप्त गर्दछ।

शैव दर्शन अनुसार शिव शून्य छ र सृष्टि विस्तृत छ। विशाल शून्य अन्धकार छ र त्यो अन्धकार पिण्ड शिव हो। शिवले नै सृष्टि धारण गरेको छ र शिव नै सर्वभूत हो। शैव दर्शनले अन्धकार र प्रकाशमानलाई एक-अर्कोको पुरक मान्छ । यसले अन्धकारलाई शिव मान्छ भने प्रकाशलाई सृष्टि मान्छ; अर्थात् दृष्टिगोचर हुने कुरा सृष्टि हो भने जुन दृष्टिगोचर हुँदैन त्यो शिव तत्व हो। शिव दर्शनका अनुसार जुन कुनै कुराको पनि स्रोत हुन्छ, आदि हुन्छ, एक निर्धारित आयु हुन्छ र त्यसको अन्त पनि हुन्छ। प्रकाशको एक स्रोत हुन्छ। प्रकाशित हुनको लागि स्रोतले स्वयंलाई जलाउँदछ र केही समयपछि त्यसको अन्त पनि हुन्छ। अन्धकार अनादि छ, अनन्त छ, सर्वव्यापी छ। अन्धकारको कुनै स्रोत हुँदैन। त्यसकारण त्यसको अन्त पनि हुँदैन। कृत्रिम तरीकाले प्रकाशको उपस्थितिमा अन्धकार नहुने कुराको आभास भए पनि प्रकाशको आयु सकिने बित्तिकै अन्धकार यथास्थितिमा हुन्छ। अन्धकार क्षय हुँदैन, बरू त्यो अक्षय हुन्छ । त्यसकारण अन्धकार शिवतुल्य हुन्छ। शैव दर्शन अनुसार प्रकाश वा दृष्टिको दोषबाट मृगतृष्णा र भ्रान्तिको जन्म हुन्छ। अन्धकारमा हेर्ने कुरा जटिल भए पनि त्यसमा दृष्टि दोष हुँदैन। प्रकाशमा देख्न अभ्यस्त हाम्रा आँखाले अन्धकारमा सही ढंगले देख्न सक्दैनन् तर अन्धकारमा हेर्न अभ्यस्त भएका आँखाले प्रकाशमा स्वत देख्न सक्दछन् र वास्तविकता पत्ता लगाउन सक्छन्। मानिसको लक्ष्य भौगोलिक हुँदा र निकट हुँदा प्रकाश सहयोगी हुन्छ। तर सबै टाढा हुँदा यसको कुनै काम आउँदैन। शैव दर्शन लगायत पूर्वीय दर्शनको मूल ध्येय मुक्ति अर्थात् मोक्ष वा इच्छाको अन्त हो। शैव दर्शन अनुसार कुनै इच्छा, कुनै लक्ष्य, कुनै आवश्यकता भएन भने त्यो अन्धकार हुन्छ; सर्वव्यापी एवं अनन्त अन्धकार। त्यसपछि त्यहाँ शिवतत्व विद्यमान हुन्छ।

शैव दर्शन अनुसार शिव लिंगको आधी प्रतिमा पुरूषको र आधी स्त्रीको हुन्छ। यसलाई अर्धनारिश्वर पनि भन्ने गरिन्छ। यसको अर्थ एउटै व्यक्तिमा आधा व्यक्तित्व स्त्रीको र आधा व्यक्तित्व पुरूषको भन्ने हुन्छ। यसमा आधा ऊर्जा स्त्रीको र आधा पुरूषको हुनजान्छ। र, यी दुवैको बीचमा रस र लीनता पैदा भएपछि त्यो शक्तिको कुनै विसर्जन हुँदैन। शैव दर्शन अनुसार शिवलाई पुरूष लिंगको द्योतक मानिन्छ भने उनको शक्तिलाई स्त्री लिंगको द्योतक मानिन्छ। पुरूष (शिव) र स्त्री (शक्ति) भएपछि शिव स्त्री पनि हुन् र पुरूष पनि। यस अनुसार चेतन तत्वलाई पुरूष र अचेतन तत्वलाई स्त्री रूप पनि मान्ने गरिन्छ। यसैगरी यदि अचेतन तत्व पुरूष हुँदा चेतन तत्व स्त्रीलाई मानिन्छ। यी दुवै तत्व एक व्यक्तिभित्र अन्तर्निहित हुन्छन्।

शैव दर्शनलाई महेश्वरको दृष्टिले स्वतन्त्रतावाद पनि भनिन्छ। यसको अभिव्यक्ति वा आविर्भावको दृष्टिले यसलाई आभासवाद पनि भनिन्छ। शैव दर्शन अनुसार सम्पूर्ण विश्वको स्थापना चित् र स्वीकृत हो। चित्र-विचित्र सदा परिवर्तनशील आभास त्यही चितको आविर्भाव मात्र हो । जुनसुकै चीज चाहे त्यो प्रमेयको रूपमा होस् वा प्रमाताको रूपमा, चाहे ज्ञानको रूपमा होस्, ज्ञानको साधनको रूपमा होस् वा इन्द्रियहरूको रूपमा, त्यो सबै कुरा उही चितको आभास मात्र हो। आभास भनेको संकुचित प्रकाशन हुनु हो । सबै प्रकारको आविर्भाव परिसीमित हुन्छ । जे चीज विद्यमान छ, त्यो आभासहरूको विन्यास मात्र हो । शैव दर्शन अनुसार जस्तो दर्पणमा चित्र विचित्र नगर, ग्राम, इत्यादि प्रतिबिम्ब दर्पणमा अभिन्न भएर पनि परस्पर र दर्पणमा परि भिन्न भासित हुन्छन्, त्यसरी नै यो जगत शिवतत्वको निर्मल संयुक्तताबाट अभिन्न भएर पनि परस्पर र त्यो संयुक्तताबाट पनि भासित हुन्छ। आभास दर्पणमा प्रतिबिम्बित आकारहरूको समान हुन्छ। जस्तो दर्पणमा प्रतिबिम्बित त्यसबाट भिन्न छैन, बरू भासित हुन्छ, त्यसरी नै आभास पनि शिवबाट भिन्न छैन, भिन्न भासित हुन्छ, तथापि त्यसबाट भिन्न भासित हुन्छ, त्यसरी नै महेश्वर संयुक्ततामा प्रतिबिम्बित जगत त्यसबाट भिन्न छैन। यो दर्पणको उपमामा दुई अपवाद मननीय छन् - पहिलो, दर्पणमा कुनै बाह्य पदार्थ प्रतिबिम्बित हुन्छ । शिवको सार्वभौम चेतनामा त्यसैको सृष्टिकल्पना प्रतिबिम्बित हुन्छ, बाह्य पदार्थ दर्पणमा एक बाह्य प्रकाशद्वारा नै प्रतिबिम्ब संभव छ। शिवको सार्वभौम चेतनाको स्वयं आफ्नो प्रकाश छ। त्यो सबै प्रकाशहरूको प्रकाश हो, जसलाई कुनै बाह्य प्रकाशको जरूरत हुँदैन। दोस्रो, दर्पण अचेतन छ। त्यसलाई आफूभित्रका प्रतिबिम्बहरूको बोध हुँदैन, तर शिव चेतन छ। त्यसको चेतनामा जुन प्रतिबिम्बित कल्पना प्रकट हुन्छन्, तिनीहरूको बारेमा उसलाई पूरा बोध रहन्छ। यसरी पशु वा परिच्छिन्न जीवहरूमा बाह्य रूपमा प्रतीत हुने आभास परम चेतनाको कल्पनाको अतिरिक्त अरू केही होइन। जसरी विचित्र पदार्थभित्र प्रकट हुन्छन्, त्यस्तै परम संयुक्ततामा जगत प्रकट हुन्छ । परम संयुक्ततालाई विमर्श शक्तिद्वारा त्यसको बोध हुन्छ ।

समुद्रको तरंग समन चेतनामा आभास उठ्दछन्, जस्तो कि तरंगको उत्थान र पतनबाट समुद्रलाई न त कुनै लाभ हुन्छ न कुनै हानी नै। आभासको उत्थान र पतनबाट परमभन्दा परम चेतनालाई न कुनै लाभ हुन्छ न हानी नै । आभास प्रकट र लीन भइरहन्छन् । तर संस्थानरूपी चेतनामा कुनै विकार वा परिवर्तन हुँदैन। आभास शिवका कल्पनाहरूको बहिर्प्रक्षेपण मात्र हो। शैव दर्शन र तान्त्रिकताको एक-अर्कोसँग घनिष्ठ सम्बन्ध हुन्छ। योग र अन्य विधिद्वारा तान्त्रिक क्रिया सम्पन्न गरिन्छ। शैव दर्शन अन्तर्गत वीर शैव दर्शनलाई शिव र जीवको एकता प्रतिपाद गर्ने दर्शन मानिन्छ। विशिष्ट शक्ति र शिव शक्ति दुवैको परस्पर एकतालाई यो दर्शनले मुख्य विषय मान्छ।

त्यसरी नै स्थूल चित् र अचित् स्वरूप जीव तथा सूक्ष्म चित् र अचित् रूप शिव दुवैको एकताबद्धतालाई शक्ति विशिष्टाद्वैत मानिएको छ। यो दर्शनमा परमशिवबाट अभिन्न पदार्थ शक्तिलाई मानिएको छ। नकुलीश पाशुपत दर्शनले परम पुरूषार्थका साधन कार्य, कारण, योग, विधि र दुःखान्त गरी पाँच पदार्थलाई मान्दछ। कार्य स्वतन्त्र हुँदैन। यो विद्या, कला र पशु गरी तीनप्रकारको हुन्छ। विद्या बोधात्मक र अबोधात्मक दुवै हुन्छ। बोधात्मक चित्त हो र अबोधात्मक चेतनाको अधिनमा रहने तर स्वयं अचेतन पदार्थ कला हो। कलामा पृथ्वी, तेज, जल, वायु र आकाश पंचमहाभूत कारणहरू हुन्छन् र त्यसमा इन्द्रियहरू पनि हुन्छन्। पशु जीव हो । जीव कार्य र कारण कलासँग सम्बद्ध हुनाले पशुजस्तो जीव पनि पशुसमान हुन्छ। यस्तो पशु पनि शरीर-इन्द्रिय सम्बद्ध र शरीर-इन्द्रियविहीन हुन्छ। यो दर्शनले शिवतत्वलाई नै कारण मान्छ र शिवतत्वको कारणले नै सम्पूर्ण जीवजगत कार्यरूप हुन्छन् भन्ने मान्यता राख्छ। शैव दर्शन अन्तर्गत प्रत्यभिज्ञा दर्शनले प्रयोजनविहीन जड पदार्थलाई कारण मान्दैन, जगतलाई जड पनि मान्दैन। यसले सम्पूर्ण जगतलाई शिवतत्वको प्रतिबिम्ब मान्छ । यसले ३६ तत्वहरूलाई मान्दछ, जसमा शिव, शक्ति, सदाशिव, शिवत्व, विद्यातत्व, माया, कला, विद्या, राग, काल, नियति, पुरूष, प्रकृति, बुद्धि, अहंकार, मन, पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, पाँच शब्दादि विषय र पाँच महाभूत। यसले यिनीहरूकै समष्टि रूपलाई चैतन्य जगत मान्दछ।

शैव दर्शन अन्तर्गत त्रैक दर्शनमा तीनवटा शास्त्रहरू - आगमशास्त्र, स्पन्दशास्त्र र प्रत्यभिज्ञा रहेका छन्। आगमशास्त्रका रचनाकार नवौं शताब्दीका वसुगुप्तलाई मानिन्छ। यो शास्त्रमा तान्त्रिक साधना र शाम्भवादको बारेमा उल्लेख गरिएको छ। त्यसैगरी कुनै पनि साधकले साधना गरेर सिद्धि प्राप्त गर्ने कुरा पनि यसमा उल्लेख गरिएको छ। यो शास्त्रलाई शिवसूत्रको रूपमा पनि लिइन्छ। यसमा ९२ सूत्रहरू छन् र जसमा ६४ अद्वैत प्रकृतिका विज्ञान भैरवतन्त्रसँग सम्बन्धित छन्। भैरवलाई शिवको तान्त्रिक रूप मानिन्छ। भैरवसँग सम्बन्धित तन्त्रविद्यालाई नै विज्ञानभैरव-तन्त्र भनिन्छ। विज्ञानभैरव भनेको चेतनभन्दा पर पुग्नु हो। आगमशास्त्रलाई शिव उपनिषद संग्रह वा शिवरहस्यागम पनि भनिन्छ। शैव दर्शनको अर्को शास्त्र स्पन्दशास्त्रका प्रणेता नवौं शताब्दाक कल्लाटालाई मानिएको छ। यसमा शैव तत्व चेतन् तत्वसँग एकाकार हुने विभिन्न कारणहरूको व्याख्या गरिएको छ। यसैगरी यहाँ शैव ऊर्जा जगतका ३६ तत्वहरूमा विभाजित हुने कुराको उल्लेख गर्नुका साथै जगतको उत्पत्ति र विकासको बारेमा व्याख्या गरिएको छ। यो शास्त्रानुसार जगतलाई गत्यात्मक रूप दिने ऊर्जा स्पन्दन नै हो। यसले प्रकृतिलाई विभाजित गर्ने, धारण गर्ने र कार्य-कारण प्रक्रियालाई अगाडि बढाउने तीन नियमहरूको बारेमा पनि जानकारी गराउँछ। शैव दर्शनको अर्को शास्त्र ज्ञानशास्त्रसँग सम्बन्धित प्रत्यभिज्ञा हो। यसको प्रणेता नवौं शताब्दीका सोमानन्दलाई मानिन्छ। यसका अनुसार मानिसमा इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्ति हुने भएकोले ऊ शक्तिशाली हुन्छ। मानिसमा शिवत्व वा उच्च संचेतना र अन्य विभिन्न भौतिक क्षमता हुन्छन्। यी सबै मानिसका नैसर्गिक गुण हुन् तर अज्ञानताको कारणले उसका ती समपूर्ण क्षमता लुकेका हुन्छन्। यद्यपि मानिसले चाहने हो भने शिवतत्वको सहायताले आफ्नो खास क्षमता पत्ता लगाउन सक्छ। यसरी उसले आफ्नो क्षमता पहिचान गर्नसक्यो भने उसको सम्पूर्ण जीवन सुखमय हुन्छ।१० प्रत्यभिज्ञाको बारेमा पछि अझ स्पष्ट पारिनेछ।

शैव दर्शन अन्तर्गत तन्त्रशास्त्रलाई अत्यन्तै महत्तवपूर्ण मानिन्छ। यसका तीन शाखा रहेका छन्, जसलाई आगम, यामल र निगम भनिन्छ। यामल तन्त्रलाई शिव र शक्तिको एकताको प्रतीक मानिन्छ। शिवलाई चैतन्य स्वरूप र शक्तिलाई गुणात्मक ऊर्जा मानिन्छ। हरेक व्यक्तिमा विद्यमान शक्ति कुण्डलिनी शक्तिको रूपमा हुन्छ। तन्त्रशास्त्रका अनुसार ब्रम्हण्डमा भएको जेसुकै कुरा हाम्रो शरीरमा पनि विद्यमान हुन्छ भन्ने मान्यता राख्दछ। यसका अनुसार मानिसले चेतनशक्तिबाट ब्रम्हाण्डसँग सम्पर्क स्थापित गर्नसक्ने भएकोले यसको असीमित शक्ति हुन्छ। शिव संहितामा कुण्डलिनी शक्तिलाई सुप्तशक्तिको रूपमा जीवन-अग्नि मानिएको छ। यसका अनुसार मानिसको मूलधार चक्रमा कुण्डलिनी शक्ति रहेको कुरा बताइएको छ। शैव दर्शनको तन्त्रशास्त्रका अनुसार जोसुकै मानिसले चक्र र कुण्डलिनीमा ध्यान दिन सक्दा त्यो सबै ज्ञानमा पारंगत हुन्छ। शैव दर्शनले देउतालाई सूक्ष्म भावनात्मक प्रतीक मान्छ र ध्यान भनेको सम्पूर्ण आकारलाई मानसपटलमा केन्द्रित गर्नु हो। मानवमा हुने भयको भाव तत्वलाई शैव दर्शनले प्रतीकको रूपमा भैरवतन्त्र मान्दछ। तन्त्रशास्त्रले असितांग, रूद्र, चन्द्र, क्रोध, उन्मत्त, कपाली, भीषण र संहार गरी आठ भैरवको उल्लेख गरेको छ। वैचारिक हिसाबले तन्त्रशास्त्रमा अगम, यामल, डामर र तन्त्र हुन्छन्। आगमले लौकिक कल्याण र मोक्ष प्राप्त गर्ने कुरालाई जनाउँछ। तन्त्रले प्रक्रिया र अनुष्ठानमा बल दिएको छ। शैव दर्शन अनुसार सृष्टि, प्रत्यय, देवार्चन, सर्वसाधन (सिद्धि प्राप्त गर्ने उपाय), पुरश्चरण (मारण, मोहन, उच्चाटन, आदि क्रिया), षट्कर्म (शान्ति, वशीकरण, स्तम्भन, विद्वेषण, उच्चाटन र मारण) र ध्यान (एकाग्र चिन्तन) लाई तन्त्रशास्त्रका सात लक्षण बताइन्छ। तन्त्रशास्त्रलाई नै आगमशास्त्र पनि भनिन्छ। आगमशास्त्रमा शैवागमलाई १० भागमा, रूद्रागमलाई १८ भागमा र भैरवागमलाई ६४ भागमा विभाजन गरिएको छ। यी सबैको व्याख्या यहाँ संभव छैन। यामल भनेको संधि हो र यसले शिव र शक्ति एउटै हुन मान्यता राख्छ। यसानुसार सृष्टि, ज्योतिष, नित्यकृत वर्णन, क्रम, सूत्र, वर्णभेद, जातिभेद, युगधर्म, आदि विषय पर्दछन् ।

यसरी शैव दर्शन अन्तर्गत तन्त्रशास्त्र शिव र शक्तिसँग सम्बन्धित रहेको र यसैबाट अधिकांश तन्त्र-ग्रन्थहरूको उत्पत्ति भएको मानिन्छ। शिव विशुद्ध चैतन्यको प्रतीक हो भने शक्ति विशुद्ध गुणात्मक ऊर्जा हो। तन्त्र ग्रन्थहरूमा विभिन्न योग, साधना, अभ्यास, ताण्डव, विधि, ज्ञान-विज्ञान प्रक्रिया समेटिएको हुन्छ। शैव तन्त्रले विशेषगरी ज्ञान दिने भएकोले यसमा ज्ञान प्राप्त गर्ने तरीका वर्णन गरिएको छ। कुनै पनि कुरा तान्दा, विस्तार गर्दा वा फैलाउँदा त्राण पाइने कुरा नै तन्त्र हो। तन्त्रशास्त्र भनेको गुप्त साधना हो। ज्ञान, दर्शन, योग, कर्मकाण्ड, विशिष्ट साधना, पद्धति तथा सामाजिक आचार-विचारका नियम तन्त्रशास्त्रका विषयवस्तुहरू हुन्।

शैवमत दर्शन (मत) का विभिन्न दार्शनिक सम्प्रदायहरू रहेका छन्, जसअनुसार पाशुपत, कापालिक, लिंगायत, र काश्मिरी सम्प्रदाय पर्दछन्।

(साभारः नारायणगिरी डट वर्डप्रेस डट कम)

ट्रंकलाइनको...

सरकारले सहुलियत देला भने कुनै क्षेत्र छैन', उनले भने-'तलदेखि माथिसम्म करका बोझ मात्रै छन्। यसले गर्दा निजी क्षेत्रमा नैराश्यता बढीरहेको छ, राम्रो होला भन्ने कुनै व्यवसाय नभएपछि पलायन हुनुको विकल्प छैन।' सरकारले उद्योगी-व्यवसायीलाई तिमीले यो व्यवसाय गर, सरकारले यति सुविधा दिन्छ, यो कुरामा छुट दिन्छ भनेर भन्नु पर्ने उनले जनाए।

उद्योग वाणिज्य महासंघको उद्योग समितिका सभापति राजेश कुमार अग्रवालले मुलुकमा आर्थिक संकट देखिए पनि सरकारले ध्यान नदिएको बताए। पुँजीगत खर्च कम हुनाले पनि मुलुकमा आर्थिक संकट भएको उनले बताए। सडक पूर्वाधारले दुवानीमा धेरै खर्चिनु पर्ने बाध्यताले मारमा आम उपभोक्ता परेको उनले जनाए। अहिलेको समयमा उद्योगी-व्यवसायीको मनोबल घटेको उनले औंल्याए। उनले उद्योगी-व्यवसाय पलायन भइरहेकोप्रति चिन्ता व्यक्त गरे।

सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले देशको आर्थिक अवस्था इतिहासमै कमजोर भएको बताए। खुला रुपमा हुने चोरी तस्करीले एकातर्फ स्वच्छ व्यवसायीहरूले प्रतिस्पर्धा गर्न सकेका छैनन् भने पर्याप्त राजस्व नउठ्दा सरकारलाई घाटा भइरहेको छ।

उनले डेडिकेटेड र ट्रंकलाइन माग नै नगरेका रुपन्देहीका उद्योगी माथि बक्यौता तिर भनेर नेपाल विद्युत् प्राधिकरणले अन्याय गरिरहेको जनाए। सरकारले तत्काल समस्या समाधान गर्नुपर्ने उनको माग छ।

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्।
लोडसेडिङको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

भेप तस्करी गर्नेविरुद्ध मुद्दा दायर

बुटवल। राजस्व अनुसन्धान विभागअन्तर्गत राजस्व अनुसन्धान कार्यालय, बुटवलले इलेक्ट्रिक सिगरेट (भेप) को अवैध कारोबार गरी राजस्व चुहावट गरेको कसुरमा चार जनाविरुद्ध उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा मुद्दा दायर भएको छ।

राजस्व चुहावट गरेको कसुरमा राजस्व कार्यालय बुटवलले अनुसन्धान गरी काठमाडौंको डाइमण्ड इन्टरनेसनलका प्रोप्राइटर सुमन पराजुलीसमेत चार जनाविरुद्ध उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा मुद्दा दायर गरिएको हो।

उक्त काठमाडौंको डाइमण्ड इन्टरनेसनलको बिल प्रयोग गरेको देखाइ तसनिम जनरल स्टोर नेपालगञ्ज, बाँकेलाई बेचेको देखाइ एक सय चटाको बिल काटी दुई हजार छ सय भेप भेरी ढुवानी सेवाको साधन प्रयोग गरी नेपालगञ्ज पठाउने र त्यहाँबाट महँगोमा बेच्नका लागि भारततर्फ तस्करी हुने गरेको अनुसन्धानबाट खुलेको राजस्व अनुसन्धान कार्यालय बुटवलका प्रमुख विवेक घिमिरेले जानकारी दिए।

मुद्दामा खरिद र विक्रेता फर्महरूका तर्फबाट फर्मवालालाई मुख्य प्रतिवादी बनाइएको छ। उनीहरूलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेध गरेको कार्य गरी ऐनको दफा ४ को खण्ड (ख), (छ), (झ) बमोजिमको कसुर गरेकाले प्रतिवादीहरू सुमन पराजुली र तसनिम जनरल स्टोरका हसिमुन ओलाहलाई रु ६२ लाख ७१ हजार छ सय ७९ बिगो कायम गरी सोही ऐनको दफा २३ (१) बमोजिम मालवस्तु (बिगो) जफत हुन तथा बिगोबमोजिमको जनही रु ६२ लाख ७१ हजार छ सय ७९ जरिवाना र ऐनको दफा २३ (१) (क) बमोजिम हदैसम्मको कैद सजाय हुन मागदाबी लिइ उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा अभियोगपत्र दायर गरिएको कार्यालय प्रमुख घिमिरेले जानकारी दिए।

उक्त मुद्दामा प्रतिवादीहरू डाइमण्ड इन्टरनेशनलकातर्फबाट तस्करीमा सघाउने रोजन न्यौपाने र तसनिम जनरल स्टोर नेपालगञ्ज, बाँकेका सनाउल्ला अन्सारीले उक्त मालवस्तुको ओसारपसारमा मुख्य कारोबारीको सहयोगी भएर फर्म तथा बिलहरूकोसमेत दुरुपयोग गर्दै राजस्व चुहावटको कसुरको मतियारको भूमिका निर्वाह गरेको देखिएकाले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (३) बमोजिम मुख्य प्रतिवादीलाई हुने सजायको आधा सजाय र मुख्य प्रतिवादीलाई हुने जरिवानाको आधा जरिवानाले हुने जनही रु ३१ लाख ३५ हजार आठ सय ३८ मागदाबी लिइ उक्त अभियोगपत्र दायर गरिएको प्रमुख घिमिरेले बताए।

मुख्य प्रतिवादी बनाइएका पराजुली र ओलाहलाई पटकपटक पत्राचार गरी सम्पर्क गर्न खोज्दासमेत सम्पर्कमा नआएको र हालसम्म पनि फरार रहेको छन् भने कारोबारमा संलग्न मतियारहरू भने करिब ९० दिनदेखि हिरासतमा राखी अनुसन्धान गरिएको थियो।

हिमान्सु डिजाइनर रनवे सिजन ५ हुँदै

बुटवल। हिमान्सु बुटिक एण्ड ट्रेनिङ सेन्टरको आयोजनामा हुँदै आइरहेको हिमान्सु डिजाइनर रनवेको सिजन ५ हुने भएको छ।

सेन्टरका सञ्चालक हिरा पेम्नीले आफूभित्र रहेको क्षमता बाहिर आउने र आत्मविश्वास बढाउने उद्देश्य अनुसार हिमान्सु डिजाइनर रनवे हुँदै आएको बताइन्। विजेता तथा प्रतिस्पर्धी २०-३० जनाले पसल ले नै सञ्चालन गरेको उनले जानकारी दिइन।

दक्ष डिजाइनर तयार हुने उद्देश्यसहित आयोजना भएको प्रतियोगितामा १४ जना प्रतिस्पर्धामा रहेको र १२ जनाको प्रस्तुतिकरण राखिने बताउँदै यसमा २० जना बच्चा मोडेल र २८ जना युवती मोडेलहरु राखिएको टिम सदस्य विवेक केसीले जानकारी दिए।

पत्रकार सम्मेलनमा कोरियोग्राफर रेशम न्यौपानेले एक वर्षसम्म अध्ययन गरेका विद्यार्थीहरु दिक्षित हुनेगरी कार्यक्रमको डिजाइन गरिएको बताए।

विजेतालाई पुरस्कारसहित डिजाइनरको लागि आवश्यक उपकरणहरु समेत प्रदान हुने बताउँदै उनले अवसर नपाएका तथा आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरूका लागि सहयोग गरेर दिक्षित गर्दै आएको बताए। नयाँ डिजाइनअनुसार प्रतिस्पर्धीलाई सिकाइने उनले जानकारी दिए।

कार्यक्रम संयोजक प्रशान्त शाहका अनुसार चैतको २८ गते फाइनल हुने प्रतियोगितामा फागुन १७ गतेदेखि अडिसन हुँदैछ।

विश्वमा प्रतिस्पर्धात्मक लोकतन्त्रको अन्त्य भयो: वर्षमान पुन

नवीन लोचनमगर
रोल्पा

नेकपा (माओवादी केन्द्र)का उप-महासचिव वर्षमान पुन 'अनन्त'ले विश्वमा प्रतिस्पर्धात्मक लोकतन्त्रको अन्त्य भएको बताएका छन्। शुक्रबार रोल्पा नगरपालिकाको नवनिर्मित प्रशासकीय भवनको उद्घाटन गर्दै पुनले जनमत राजनीतिक विचारविहीन अवस्थामा पुग्दा त्यसबाट निर्वाचित तानाशाह आउने र उदार लोकतन्त्र भन् कमजोर हुने बताए। 'अब प्रतिस्पर्धात्मक लोकतन्त्रको अन्त्य भयो। जनमत भन्ने कुरा निकै कमजोर भएर जनताको मतमा जाने र त्यसबाट निर्वाचित तानाशाह आउने अवस्था आयो,' पुनले भने-'विश्वको राजनीतिक अवस्थालाई हेर्दा 'इलेक्टेट डिक्टेटर'हरु आउने परिस्थिति बनेको छ।'

उनले विश्व तथाकथित लोकप्रियतावादतिर गएको बताएका छन्। पूर्व अर्थमन्त्री समेत रहेका पुनले भने-'विश्व विचारमा आधारित राजनीतितिर छैन। जे कुरा गर्दा लोकप्रिय भइन्छ त्यै गर्ने अवस्था आयो। नेताले पनि जे बोल्दा ताली आउँछ त्यही बोल्दिने भयो। प्रशासकले पनि जे गर्दा पपुलर भइन्छ त्यै गर्दिने।

पत्रकारले पनि जे लेख्दा मासले वाहवाह भन्छ त्यै लेख्दिने। कलाकारले जे गर्दा बजारमा बिक्छ त्यै गर्दिने। हरेक कुराको आफ्नो मूल्य मान्यता तथा इथिक्सहरु हुन्छ। पत्रकारिताको एउटा नम्स हुन्छ, नेताको एउटा लेवल हुन्छ, प्रशासकको एउटा नम्स हुन्छ, अहिले त्यो कुरा रहेन।'

नेता पुनले पुराना दलहरु बिग्रिए भनेर निराशा बाँड्ने काम भइरहेको बताए। 'तथ्यांकमा वा वास्तविकतामा हेर्ने होइन कि बिग्रिए भनेर निराशाको व्यापार गर्ने काम भएको छ,' पुनले भने-'भरुलाई कमजोर बनाउन बाँडिएको निराशाले अन्त्यमा आफ्नै जीवनसम्म आइपुग्छ भन्ने कुरा हामीले समयमै बुझ्न जरुरी छ।'

सरकार, सडक वा फरक-फरक अवस्थामा फरक-फरक बोली आउनु पनि लोकप्रियतावादकै उदाहरण भएको उनको भनाइ छ। विचार, राजनीति वा नम्समा बस्नेभन्दा पनि हुलीमको पछि दौड्ने प्रवृत्ति अहिले विश्वभर चलिरहेको बताउँदै पुनले नेपालमा पनि अवस्था त्यही भएको बताए। उनले यी सबै कुरालाई पार गर्नुपर्ने अहिलेका राजनीतिक दलहरूलाई चुनौती आएको बताए।

अर्को प्रसंगमा माओवादी केन्द्रका उप-महासचिव तथा प्रतिनिधिसभा सदस्य पुनले नेपालको संघीयता सहकारी खालको भएको र तीन तहले एकआपसमा सहकार्य गरेर काम गर्नुपर्ने बताए। 'नेपालको संघीयता संघ, प्रदेश र स्थानीय तहले एकआपसमा समन्वयात्मक ढंगले काम गर्ने संघीय प्रणाली हो,' पुनले भने-'अभ्यासमा केही त्रुटि भए पनि व्यवस्था आफैंमा खराब होइन, यसलाई परिमार्जन गर्दै समृद्ध बनाउँदै लैजानुपर्छ।'

टिपरका लागि अलग्गै लाइसेन्सको माग

बुटवल। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद मनिष झाले टिपरहरूले कानुन नमान्दा दुर्घटनाहरू बढेको भन्दै अलग्गै लाइसेन्सको व्यवस्था गर्न माग गरेका छन्।

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा बोल्दै उनले स्थानीय तहका जनप्रतिनिधिहरूको लगानी भएका टिपरहरूले कानुन मान्ने नगरेको उनको आरोप छ।

टिपरको व्यवस्थापनमा राज्य संयन्त्र नै कमजोर रहेको उनको भनाइ छ। 'धेरै स्थानीय तहका प्रतिनिधिहरूको लगानी रहेको छ, टिपरका उनीहरूले कानुन मान्दैनन्। टिपरलाई फरक लाइसेन्सको व्यवस्था गरियोस् भनेर टेक्निकल एडभाइस पनि आएको छ।'- उनले भने।

सांसद झाले सीतापाइला र धार्केमा टिपर हिँड्न अनुमति नदिएको भए पनि जबरजस्ति हिँडिरहेको भन्दै सरकारको ध्यानाकर्षण गराए।

'अर्को कुरा, सीतापाइला र धार्केमा टिप्पर हिँड्न अनुमति दिइएको छैन, तर जबरजस्ती गुडाउँछन्। किनकी स्थानीय नेता र ठेकेदारहरूको लगानी भएकोले। सरकार र राज्य पनि एकदमै कमजोर भएको छ। यस्तो अवस्थामा हामीले कसरी नियन्त्रण गर्न सक्छौं। कि यो मृतकको संख्यामात्र गनेर बसिराख्ने हो ?'-उनले भने।

दलित समुदायलाई आएआर्जनमा जोडेका छौं : नगरप्रमुख पाण्डेय

बुटवल। लक्षित वर्गको लागि बुटवल उप-महानगरपालिकाले सबैभन्दा धेरै बजेट छुट्याएको नगरप्रमुख खेलराज पाण्डेयले दाबी गरेका छन्। दलित समुदायको लागि बुटवलले आएआर्जन जोड्नेगरी बुटवल उप-महानगरपालिकाले काम गरिरहेको उनले बताएका हुन्।

दलित उत्थान समन्वय समिति बुटवल उप-महानगरपालिकाको आयोजनामा बुटवलमा आयोजना गरिएको बुटवलमा दलित समुदायहरूको अवस्था, चुनौती तथा कानुनी सचेतना अभिवृद्धि कार्यक्रमको उद्घाटन गर्दै नगरप्रमुख पाण्डेयले बुटवलले दलित समुदायको लागि विभिन्न कार्यक्रम गर्दै आएको बताए।

उनले बुटवलमा आरन व्यवस्थापन गर्ने, सुनचाँदीका गहना बनाउने तालिम, छाला जुत्ता बनाउने तालिम, सिलाइकटाइ तालिम दिनुका साथै उत्पादित सामग्रीको बजारीकरणको काम गर्दै आएको जनाए।

कार्यक्रममा दलित उत्थान समन्वय समिति बुटवल उप-महानगरपालिका संयोजक तथा उप-प्रमुख सावित्रादेवी अर्यालले बुटवल नगर सरकारले दलित समुदायलाई सधैँ प्राथमिकतामा राखेर काम गर्दै आएको उल्लेख गरिन। उनले सामन्ती सोच हट्दै गइरहेको बताउँदै अझै समस्या पूर्ण समाधान नभएको बताइन।

कार्यक्रममा पूर्वसचिव डा.मानबहादुर विक र प्रध्यापक जीवन परियारले कार्यपत्र प्रस्तुत गरेका थिए।

कार्यक्रमको छलफलमा बोल्ने वक्ताहरुले दलित समुदायप्रति हेर्ने दृष्टिकोण परिवर्तन भए पनि विभेद अझै हटिनसकेको उल्लेख गरेका थिए। कार्यक्रममा राजनीतिक दलका प्रतिनिधि, वडाध्यक्ष र सदस्यहरु, दलित समुदायका विभिन्न पदमा रहेका व्यक्तिहरुलगायतले सुझावहरु दिएका थिए।

समितिका सह-संयोजक रवी विश्वकर्माले दलितहरूको क्षेत्रमा भएगरेका काम र चुनौतीको बारेमा सरोकारवालाहरूलाई जानकारी गराउन कार्यक्रम आयोजना गरिएको बताए।

बुटवल उप-महानगरपालिकाका सामाजिक विकास महाशाखा प्रमुख दामोदर न्यौपानेको स्वागतमा भएको कार्यक्रममा १५० बढी दलित अगुवा तथा समाजसेवीहरूको सहभागिता रहेको थियो।

स्याङ्जामा कुकुरको बन्ध्याकरण अभियान

श्रीकृष्ण सिरदेल
स्याङ्जा

स्याङ्जामा कुकुरहरूको संख्यामा वृद्धि भएपछि पालिकाहरूले बन्ध्याकरण अभियान सुरु गरेका छन्। सामुदायिक कुकुरहरूबाट रेबिज संक्रमण र दुर्घटना बढ्न थालेपछि पालिकाहरुले बन्ध्याकरण अभियान सुरु गरेका हुन्।

चापाकोट नगरपालिका स्याङ्जा र भेटनरी अस्पताल, पशुसेवा कार्यालय स्याङ्जाको विज्ञ समूहको सहयोगमा चापाकोटमा २ सय ५० कुकुरको बन्ध्याकरण गरिएको छ। सामुदायिक कुकुरहरूको संख्यामा कमी ल्याउन र रेबिजको प्रकोप न्यूनीकरण गर्न सामुदायिक कुकुरहरूको बन्ध्याकरणका लागि शिविर सञ्चालन गरिएको चापाकोट नगरपालिकाका प्रमुख देवबहादुर खाँणले बताए।

शिविरमा खटिएको विज्ञसहितको टोलीले नगरको टोल-टोलमा पुगेर कुकुरहरूलाई नियन्त्रणमा लिई शिविर स्थलमा ल्याइ बन्ध्याकरणलगायत उपचार गरेपश्चात् नियन्त्रणमा लिइएको स्थानमै छाड्ने गरेको उनको भनाइ थियो। यस शिविरले सामुदायिक कुकुरहरूको संख्यामा कमी र रेबिजको प्रकोप न्यूनीकरण हुनेमा विश्वास लिइएको चापाकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रमेश गौतमले बताए।

३ दिने शिविरबाट घरमा पालेका बुढो र बिरामी भएपछि बाटो र बजार क्षेत्रमा छाडा छोडिएका कुकुर नियन्त्रण गरेपछि सडक दुर्घटनामा समेत न्यूनीकरण हुने उद्योग वाणिज्य संघ चापाकोटका अध्यक्ष निर्मल रानामगरले बताए। चापाकोटका बजार क्षेत्रका झण्डै २ सय ३० ओटा कुकुरको बन्ध्याकरण गरिएको छ। यो कार्यक्रम निरन्तर चलिरहने नगरपालिकाले जनाएको छ। बजार क्षेत्रमा छाडिएका कुकुरका कारण दुर्घटना हुने र रेबिज संक्रमण समेत हुन सक्ने भएपछि नगरपालिकाले कुकुरको बन्ध्याकरण गर्ने क्रम अगाडि बढाएको हो।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२१९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्ष: मोहन चापागाईं, सल्लाहकार: एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालक: महेश रिजाल, सम्पादक: शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालय: बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेल: dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोन: ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com